# स्वत प्रकाशन (Proactive Disclosure)

**सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ५र सूचनाकोहक सम्बन्धि नियमावली, २०६५को नियम ३ बमोजिम सार्बजनिक गरिएको विवरण**

**अवधि :- २०८३ बैशाख १ देखी २०८३ असार मसान्त सम्म**


कोशी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

## स्वास्थ्य कार्यालय इलाम

इलाम, नेपाल

फोन नं.०२७५२३०३६

इमेल: **dphoilam@gmail.com**

## Table of contents

१)	कार्यालयको स्वरुप र प्रकृति (पृष्ठभूमि) ........ 4
ख) ध्येय (Mission) ........ 5
ग) लक्ष्य (Goal) ........ 5
घ) उद्धेश्यहरु (Objectives) ........ 5
२) कार्यालयको काम कर्तव्य र अधिकार ........ 6
३) कार्यालयमा रहने कर्मचारीहरुको विवरण ........ 7
४) कार्यालय बाट प्रदान गरिने सेवाहरु ........ 7
५) सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी ........ 8
६) सेवा प्रदान गर्दा लाग्ने दस्तुर र अवधि ........ 9
७) निर्णय उपर उजुरी सुन्ने अधिकारी ........ 9
९) सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पद ........ 11
१०) ऐन नियम, विनियम वा निर्देशिकाको सूचि ........ 11
१२) आ व २०८१/८२ मा संचालित कार्यक्रमहरु ........ 12
१३) कार्यालयको वेभसाइट ........ 13
१४) कार्यालयमा प्राप्त भएको वैदेशिक सहायता ,ऋण,अनुदान एवम् सम्झौता सम्वन्धि विवरण ........ 13
१५) कार्यालयले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली ........ 13
१६) कार्यालयका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सो को विवरण ........ 13

## मन्तव्य

नेपालको संबिधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको भावना अनुरुप सूचनाको हक सम्बन्धि नियमावली, २०६४ मा उल्लेख भए अनुसार प्रत्येक सार्बजनिक निकायले आफूले सञ्चालन गरेका गतिबिधिहरुको विवरण त्रैमासिक रुपमा प्रकाशन गर्नु पर्ने हुन्छ ।सूचनाको हकको संरक्षण संर्बद्धन र प्रचलन गराउने सन्दर्भमा स्वास्थ्य कार्यालय इलामले सम्पन्न गरेका कृयाकलापहरु पारदर्शी जवाफदेही र विश्वसनिय बनाउनका लागि नियमित रुपमा यस्तो विवरण प्रकाशन गर्दै आइरहेको छ ।

यस कार्यालयले आफ्नो विवरण प्रकाशन गर्ने क्रममा गत आ.व.२०८२ श्रावण १ देखी २०८३ असार मसान्त सम्ममा मा स्वास्थ्य कार्यालय, इलामबाट सम्पादित कृयाकलापहरुको विवरण यसमा प्रस्तुत गरिएको छ । यो विवरण तयार गर्न संलग्न हुनु हुने स्वाथ्य कार्यालयका सूचना अधिकारी तथा सम्पूर्ण कर्मचारीहरुमा हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

मिति:२०८३ श्रवण १८ गते सोमवार

आदित्य शाक्य
कार्यालय प्रमुख
स्वास्थ्य कार्यालय,इलाम।

## १) कार्यालयको स्वरुप र प्रकृति (पृष्ठभूमि)




कोशी प्रदेश सरकारको प्रचलित कानुन अनुसार प्रदेश स्वास्थ्य मन्त्रालय अन्तगत रहने गरी स्वास्थ्य कार्यालय इलामको स्थापना भएको हो । संघीय व्यवस्था लागू भएपश्चात तत्कालिन जिल्ला जनस्वास्थ्य कार्यालय जिल्ला स्वास्थ्य कार्यालय हुदै हाल स्वास्थ्य कार्यालय इलामको नामबाट प्रदेश कार्यालयको रुपमा केही सिमित कार्यक्रमहरु सञ्चालन संगै स्थानीय तहहरुले संचालन गर्ने स्वास्थ्य कार्यक्रमहरुको समन्वय र सहजीकरण गर्दै आईरहेको छ । स्वास्थ्य मंत्रालय बिराटनगरबाट प्राप्त स्वीकृत कार्यक्रमहरुलाई स्थानीय तहहरु समेतको समन्वयमा प्रभावकारी रुपमा कार्यान्वयन गर्दै अपेक्षित उपलब्धि हासिल गर्न प्रयत्नरत रहेको छ । यस कार्यालयमा नवौं वा दशौं तहको एक जना प्राविधिक कार्यालय प्रमुख सहित जम्मा १४ जना कर्मचारीको स्थायी दरबन्दी रहने व्यवस्था छ यस कार्यालयले जनस्वास्थ्यको क्षेत्रमा प्रतिकारात्मक, प्रवर्धनात्मक र पुनर्स्थापनात्मक स्वास्थ्य सेवा प्रदान गर्ने गर्दछ ।यो कार्यालय इलाम न.पा.वडा नं. ७ मा इलाम अस्पताल नजिकै आफ्नै भवनमा रहेको छ ।

यस जिल्लामा प्रादेशिक अस्पताल-१, पालिका अस्पताल.-४, प्राथमिक स्वास्थ्य केन्द्र-३, स्वास्थ्य चौकीहरु -४१, शहरी स्वास्थ्य केन्द्र-६, सामुदायिक स्वास्थ्य इकाई-९, आधारभुत स्वास्थ्य केन्द्र-३२ वटा, गाँउघर क्लिनिक – २१८ वटा, खोप क्लिनिक-२४१, DOTS केन्द्र-९० वटा, ओ.टी.सी सेवा केन्द्र-१४ वटा, बर्थिङ्ग केन्द्र – २८ वटा र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका – १००० जना रहेका छन् ।

## क) कार्यालयको दुरदृष्टि (Vision)

इलामवासी सबै नागरिकहरु शारिरीक,मानसिक,सामाजिक र भावनात्मक रुपमा स्वस्थ्य रही उत्पादनशील, गुणस्तरीय र सम्मानपुर्वक जीवन यापन गर्न सक्षम हुनेछन ।

## ख) ध्येय (Mission)

उपलब्ध साधनश्रोतको अधिकतम प्रयोग गरि स्वास्थ्य सेवा प्रदायक,सेवाग्राही र सरारवालाहरु बीच रणनैतिक सहकार्य गरि नागरिकहरुको स्वस्थ्य रहन पाउने मौलिक अधिकारको सुनिश्चितता गर्ने ।

## ग) लक्ष्य (Goal)

आधारभूत मानव अधिकारको रुपमा सबै नगरिकहरुलाइ स्वास्थ्यको अधिकार सुनिश्चित गर्न गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुंच अभिबृद्धि गरि न्यायसंगत एवं जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट स्वास्थ्य सेवा उपलब्ध गराउने ।

## घ) उद्धेश्यहरु (Objectives)

- नागरिकको मौलिक हकको रुपमा रहेको आधारभूत स्वास्थ्य सेवा निशुल्क उपलब्ध गराउन पहल गर्ने ।
- प्रभावकारी र जवाफदेही स्वास्थ्य सेवा प्रणालीको स्थापना गर्नु ।
- स्वास्थ्य सेवा प्रवाहमा जनसहभागीता प्रबर्धन गर्ने ।

## २) कार्यालयको काम कर्तव्य र अधिकार

- प्रदेश अन्तर्गत स्वास्थ्य मन्त्रालय अन्तर्गतको स्वास्थ्य निर्देशनालय मातहत कार्यालयको रुपमा रही प्रदेश र स्थानीय तहसँग समन्वय, सहजीकरण, सहयोग, एवं तोकिए बमोजिम प्रदेशको निर्देशन भए अनुसार कार्यन्वयन गर्ने/ गराउने
- जिल्ला भित्रका स्थानीय स्वास्थ्य संस्थाहरुलाई आवश्यक पर्ने खोप, अत्यावश्यक तथा गुणस्तर एवं सम्बेदनशील औषधी तथा स्वास्थ्य सामग्री भण्डारण तथा वितरणको योजना (मासिक, त्रैमासिक, अर्धवार्षिक, वार्षिक) गरी कार्यान्वयन गर्ने
- जनस्वास्थ्य सर्भिलेंन्स र बिपद महामारी व्यवस्थापन, सहजीकरण र समन्वय गर्ने
- राष्ट्रिय स्वास्थ्य अभियान संचालन तथा सहयोग, समन्वय र सहजीकरण गर्ने
- स्थानीय सरकार र स्वास्थ्य निकायहरु बीच समन्वय गर्ने
- एकिकृत स्वास्थ्य सूचना बिश्लेषण र आध्ययन गरी सो अनुसार योजना बनाउने एवं स्थानीय तहमा सहजीकरण तथा पृष्ठपोषण गर्ने
- स्वास्थ्य सेवाको पहुँच तथा उपयोग वृद्धि गर्न आवश्यक योजना बनाउने, समन्वय तथा सहजीकरण गर्ने
- जिल्ला भित्र संचालन हुने प्रचलित कानूनले तोके बमोजिम निजी अस्पताल, पोलिक्लिनिक, बिशेषज्ञ क्लिनिक लगायत अन्य स्वास्थ्य संस्थाहरुको दर्ता, सिफारिस, अनुमति, नविकरण तथा नियमन सम्बन्धी कार्य गर्ने
- संस्थागत तथा जनशक्तिको प्राबिधिक क्षमता अभिवृद्धि गर्ने
- संघ र प्रदेश सरकारको प्राथमिकतामा परेको स्वास्थ्य एवमं नियमित कार्यक्रमहरु (क्षयकुष्ठरोग नियन्त्रण, परिवार नियोजन, मातृ शिशु स्वास्थ्य, सामाजिक सुरक्षा, स्वास्थ्य बिमा, विशेषज्ञ स्वास्थ्य शिविर, पोषण, खोप, नसर्ने रोग लगायत अन्य विशेष कार्यक्रमहरु) को संचालन, समन्वय र सहजिकरण गर्ने
- वातावरणीय स्वास्थ्य, खानेपानी, सरसफाई तथा पेशागत स्वास्थ्य प्रबर्धन एवं व्यवस्थापन गर्ने जनसंख्या व्यवस्थापन सम्बंन्धी कार्य गर्ने
- जनसंख्या व्यवस्थापन सम्बंन्धी कार्य गर्ने
- जिल्ला स्थित रहेको एम्बुलेन्स सेवालाई नियमन, अनुगमन तथा नविकरणमा सहजिकरण गर्ने
- स्वास्थ्य कार्यक्रमहरुको कार्यान्वियन गर्न आवश्यक पर्ने बहुक्षेत्रीय समन्वयको लागि सहजीकरण गर्ने
- दिगो विकास लक्ष्य, राष्ट्रिय र प्रादेशिक आवधिक योजना कार्यान्वयमा सहयोग, समन्वय र सहजीकरण गर्ने
- प्रदेश सरकारबाट तोकिएका कार्यहरु गर्ने
- अन्तरिक प्रशासन (आर्थीक, प्रशासनिक, व्यवस्थापन) सम्बन्धि कार्य गर्ने

## ३) कार्यालयमा रहने कर्मचारीहरुको विवरण

कार्यालयमा हाल देहाय बमोजिमका १४ स्वीकृत दरवन्दीमध्ये  ७ जना स्थायी र ७ जना करार गरी जम्मा १४  जना कर्मचारी कार्यरत रहेका छन ।

| क्र.सं | पद | श्रेणी/तह | स्वीकृत दरबन्दी | पद पूर्तिको अवस्था | | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | स्थाइ | करार | | |
| १ | जनस्वास्थ्य प्रशासक | ९/१० तह | १ | १ | | | |
| २ | जनस्वास्थ्य अधिकृत वा सो सरह | ७/८ तह | १ | १ | २ | | १ संघ काज |
| ३ | तथ्यांक अधिकृत | ७/८ तह | १ | ० | | १ | |
| ४ | हेल्थ अ.वा सो सरह | ५/६/७ तह | ३ | २ | | १ | |
| ५ | प.हे.न. | ५/६/७ तह | १ | ० | | १ | |
| ६ | ल्याब टेक्निसियन | ५/६/७ तह | १ | १ | | | |
| ७ | कोल्ड चेन | ४/५/६ तह | १ | | १ | | करार |
| ८ | अधिकृत (लेखा) | छैठौं तह | १ | १ | | | |
| ९ | अधिकृत (प्रशासनिक) | छैठौं तह | १ | १ | | | |
| १० | कार्यालय सहयोगी | श्रेणी विहिन | २ | | ३ | | १ जना सरसफाइ कर्मचारी |
| ११ | ह.स.चा. | श्रेणी विहिन | १ | | १ | | |
| जम्मा – १४ जना | | | | | | | |

## ४) कार्यालय बाट प्रदान गरिने सेवाहरु

- राष्ट्रिय खोप कार्यक्रम संचालन गर्ने
- पोषण कार्यक्रम संचालन गर्ने
- समुदायमा आधारित नवजात शिशु तथा बालरोग एकिकृत व्यवस्थापन कार्यक्रम संचालन गर्ने
- परिवार स्वास्थ्य कार्यक्रम संचालन गर्ने
    - परिवार नियोजन कार्यक्रम
    - सुरक्षित मातृत्व कार्यक्रम
- महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम संचालन गर्ने
- रोग नियन्त्रण कार्यक्रम  संचालन गर्ने

- किटजन्य रोग नियन्त्रण कार्यक्रम
- क्षयकुष्ठ  तथा HIV नियन्त्रण कार्यक्रम
- नसर्ने तथा मानसिकरोग नियन्त्रण कार्यक्रम
- महामारीरोग नियन्त्रण कार्यक्रम

- स्वस्थय शिविर सेवा
- स्वास्थ्य शिक्षा, सुचना तथा संचार कार्यक्रम
- औषधी तथा औषधि जन्य सामग्रीहरुको आपूर्ति व्यवस्थापन
- स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली
- जिल्ला एम्बुलेन्स सेवा संचालन समितिको सचिवालयको कार्य गर्ने
- निजी स्वास्थ्य संस्थाहरु संचालन नविकरण सुपरिवेक्षण

## ५) सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी

| सि नं | कर्मचारीको नाम थर | पद | तोकिएको जिम्मेवारी (कार्यक्रम संयोजक) |
|---|---|---|---|
| १ | श्री रस्मिता श्रेष्ठ | जनस्वास्थ्य अधिकृत | सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य कार्यक्रम र बिद्यालय नर्सिङ्ग कार्यक्रम तथा जनस्वास्थ्य  कार्यक्रमहरुको समन्वय गर्ने। |
| २ | श्री गंगाधर पण्डित | खो.सु.नि. | खोप तथा कोल्डचेन, पोषण, स्वास्थ्य शिक्षा, सूचना तथा संचार, मानसिक तथा नसर्ने रोग कार्यक्रम । |
| ३ | श्री लक्ष्मण ढकाल | जनस्वास्थ्य निरीक्षक | पारिवार नियोजन तथा किशोरकिशोरी स्वास्थ्य, महिला स्वास्थ्य स्वयं सेविका तथा समाजिक सुरक्षा, IMNCI कार्यक्रम र निजी स्वास्थ्य संस्था दर्ता तथा नविकरण । |
| ४ | श्री गोपाल बराल | मे.ल्या.टे.नि | जनस्वास्थ्य प्रयोगशाला, क्षयकुष्ठ तथा HIV नियन्त्रण,उपचारात्मक सेवा, किटजन्य तथा जुनोटिक रोग नियन्त्रण, महामारी व्यवस्थापन तथा वातावरण स्वास्थ्य कार्यक्रम र तथ्याङ्क व्यवस्थापन । |
| ५ | श्री खगेन्द्र खड्का | सहायक अधिकृत (लेखा) | आर्थिक प्रशासन ब्यवस्थापन। |
| ६ | श्री कमल निधी चापागाईं | सहायक अधिकृत (प्रशासन) | कर्मचारी प्रशासन, आपूर्ती ब्यवस्थापन, एम्बुलेन्स सेवा |
| ७ | श्री दुर्गा पाण्डे | को.चे.अ. | कोल्डचेन ब्यवास्थापन साथै अन्य शाखाहरुमा सहयोग गर्ने। |

## ६) सेवा प्रदान गर्दा लाग्ने दस्तुर र अवधि

निजी स्वास्थ्य संस्था दर्ता तथा नविकरण बाहेक यस कार्यालयवाट दिइने अन्य सबै सेवाहरूमा कुनै पनि प्रकारका शुल्क लाग्ने छैन ।

**निजी स्वास्थ्य संस्था दर्ता तथा नविकरणमा देहाय अनुसारको शुल्क लाग्ने छः-**

| क्र.सं. | संस्थाको प्रकार | नयाँ दर्ता शुल्क | नविकरण शुल्क |
|---|---|---|---|
| १ | अस्पताल तथा नर्सिङ्गहोम( १६ देखि २५ शैया सम्मको) | प्रति शैया रु. ४,०००/- | प्रति शैया रु.५००/- |
| २ | पोलिक्लिनिक/बिशेषज्ञ क्लिनिक/डेन्टल क्लिनिक | प्रति सेवा रु १०,०००/- | प्रति सेवा रु १,०००/- |

## ७) निर्णय उपर उजुरी सुन्ने अधिकारी- कार्यालय प्रमुख श्री आदित्य शाक्य

## ८) सम्पादन गरेको कामको विवरण

### Trends of Health Service Coverage Fact-Sheet

| S.N. | INDICATORS | FY 2080/81 | FY 2081/82 | FY 2082/83 |
|---|---|---|---|---|
| **A** | **REPORTING STATUS** | | | |
| 1 | Percentage of Reporting Status (EPIC) | 99.5 | 99.2 | 97.1 |
| 2 | Percentage of Reporting Status (FCHV) | 94.1 | 97.0 | 97.9 |
| 3 | Percentage of Reporting Status (PHCORC) | 99.4 | 100 | 100 |
| 4 | Average no. of People Served by FCHV | 12.2 | 15.2 | 16.2 |
| 5 | Average no. of People Served from PHCORC (Per Clinic) | 18.2 | 20.3 | 20.9 |
| 6 | Average no. of People Served from EPI Clinic (Per Clinic) | 9.8 | 8.6 | 7.8 |
| 7 | Percentage of planned primary healthcare outreach clinics conducted | 96.5 | 99.4 | 98.7 |
| **B.** | **CHILD HEALTH AND NUTRITION** | | | |
| 1 | Percentage of Children under one year immunized with BCG | 69.1 | 56.4 | 56.3 |
| 2 | Percentage of Children under one year immunized with PENTA1 | 84.0 | 71.4 | 74.2 |
| 3 | Percentage of Children under one year immunized with PENTA3 | 86.3 | 73.5 | 75.5 |
| 4 | Percentage of Children 12-23 months immunized with JE | 93.1 | 80.2 | 80.4 |
| 5 | Percentage of Children 12-23 months immunized with MR 2 | 93.6 | 84.9 | 83.7 |
| 6 | Percentage of Pregnant women who received TD2 & TD2+ | 57.4 | 51.4 | 54.4 |
| 7 | Percentage of DPT-HepB-Hib 1 vs 3 | -2.8 | -2.9 | -1.8 |
| 8 | Percentage of DPT-HepB-Hib 1 vs Measles/rubella 2 | -12.6 | -16.3 | -13.2 |
| 9 | Percentage of Children fully immunized | 93.6 | 84.5 | 84.1 |
| 10 | Percentage of Children aged 0-23 months registered for growth monitoring | 69.9 | 50.9 | 44.5 |

| | | | | |
|---|---|---|---|---|
| 11 | Average number of visits among children aged 0-23 months registered for growth monitoring[a] | 10.7 | 14.5 | 11.5 |
| 12 | Percentage of Newborns with low birth weight (< 2.5 kg) among total deliveries by HWs | 3.4 | 3.9 | 5.0 |
| 13 | Percentage of Newborns who initiated breastfeeding within 1 hour of birth | 101.9 | 100.1 | 99.9 |
| 14 | Percentage of Children aged 0- 6 months registered for growth monitoring who were exclusively breastfed for the first six months | 73.8 | 78.9 | 78.2 |
| 15 | Incidence of ARI among children under five years (per 1000) | 957.1 | 934.6 | 720.0 |
| 16 | Incidence of pneumonia among children under 5 years | 36 | 30 | 21 |
| 17 | Percentage of PSBI among registered 0-2 months infant (sick baby) | 4.0 | 1.05 | 1.7 |
| 18 | Percentage of PSBI Cases treated with first dose of gentamycin | 40.0 | 100 | 100 |
| 19 | Incidence of diarrhea among children under five years | 253 | 205 | 161 |
| 20 | Percentage of Children under <5 with diarrhea treated with zinc and ORS | 94.0 | 100 | 100 |
| 21 | Percentage of adolescent girls (10-19 years) who receive 13 weeks of IFA supplements | 83.9 | 69.9 | 71.9 |
| 22 | Percentage of adolescent girls (10-19 years) who receive 26 weeks of IFA supplements | 79.7 | 64.2 | 64.2 |
| **C.** | **SAFE MOTHERHOOD** | | | |
| 1 | Percentage of Pregnant women who had their first ANC checkup as per protocol | 71.6 | 56.7 | 57.1 |
| 2 | Percentage of Pregnant women who had four ANC checkups as per protocol (4th, 6th, 8th and 9th month) | 64.4 | 56.9 | 57.0 |
| 3 | Percentage of Pregnant women who had Eight ANC checkups as per protocol (4th, 6th, 8th and 9th month) | 46.6 | 41.9 | 44.6 |
| 4 | Percentage of women who received a 180 day supply of Iron Folic Acid during pregnancy | 63.4 | 53.6 | 54.0 |
| 5 | Percentage of Normal deliveries | 84.3 | 84 | 77.2 |
| 6 | Percentage of Institutional deliveries | 27.0 | 23.3 | 23.4 |
| 7 | Percentage of Births attended by a Skilled Birth Attendant | 27.0 | 23.2 | 23.1 |
| 8 | Percentage of Deliveries by caesarean section | 15.4 | 16.6 | 23.5 |
| 9 | Percentage of Women who had 4 PNC check-ups as per protocol | 43.3 | 47.6 | 56.9 |
| 10 | Percentage of Postpartum women who received Vitamin A supplementation | 104 | 59.04 | 33.9 |
| 11 | Percentage of Postpartum women who received a 45-day of IFA | 60 | 56.4 | 53 |
| **D.** | **FAMILY PLANNING** | | | |
| 1 | FP Methods New acceptor among as % of WRA | 8.7 | 10.8 | 9.42 |
| 2 | Depo New Users | 2845 | 2711 | 1868 |
| 3 | IUCD New Users | 211 | 165 | 120 |
| 4 | Implant New Users | 2102 | 1809 | 1975 |
| 5 | Pills New Users | 1471 | 1278 | 1856 |
| 6 | Unadjusted Contraceptive prevalence rate (CPR) | 26.6 | 28.1 | 25.8 |
| **E.** | **FEMALE COMMUNITY HEALTH VOLUNTEERS (FCHV)** | | | |

| | | | | |
|---|---|---|---|---|
| 1 | Percentage of mothers' group meetings held | 99.4 | 97.04 | 97.04 |
| 2 | Average number of people served | 12.2 | 15.1 | 16.1 |
| **F.** | **MALARIA** | | | |
| 1 | Annual parasite incidence per 1000 in high-risk districts | 0 | 0 | 0 |
| 2 | Malaria slide examination | 1358 | 1797 | 637 |
| **G.** | **TUBERCULOSIS** | | | |
| 1 | TB - Case notification rate | 68.4 | 68.6 | 71.5 |
| 2 | Percentage of TB - Treatment Success Rate (New and Relapse) | 97.5 | 97.3 | 97.8 |
| **H.** | **LEPROSY** | | | |
| 1 | Leprosy New cases | 4 | 4 | 1 |
| 2 | Incidence of leprosy per 10,000 population | 0.15 | 0.15 | 0.04 |
| **I.** | **CURATIVE SERVICE** | | | |
| 1. | Percentage of OPD New Visits among total population | 61.9 | 69.5 | 67.5 |
| 2. | Total New OPD Visits | 170045 | 189626 | 182217 |
| 3. | Total New OPD Visits Female | 96997 | 108747 | 103909 |
| 4. | Total New OPD Visits Male | 73048 | 80879 | 78308 |

## ९) सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पद

कार्यालय प्रमुख - श्री आदित्य शाक्य (जनस्वास्थ्य प्रशासक)

सम्पर्क नं : ९८५२६८५८१९

सूचना अधिकारीको नाम: श्री गोपाल बराल (मेडिकल ल्याब टेकनिसियन निरिक्षक)

सम्पर्क नं: ९८५२६८५८२०

कार्यालयको सम्पर्क नं: ०२७ ५२३०३६

कार्यालयको ईमेल: dphoilam@gmail.com

## १०) ऐन नियम, विनियम वा निर्देशिकाको सूचि

- स्वास्थय सेवा ऐन २०५३
- स्वास्थ्य सेवा नियमावली २०५५
- आर्थिक कार्यविधि ऐन २०५५
- नेपाल मेडिकल काउन्सिल ऐन २०२०
- नेपाल स्वास्थ्य व्यवसायी परिषद ऐन २०५३
- नेपाल स्वास्थ्य व्यवसायी परिषद नियमावली २०५६
- नेपाल स्वास्थ्य अनुसन्धान ऐन २०४७
- औषधि ऐन २०५५

## ११) आम्दानी,खर्च तथा आर्थिक कारोवार सम्वन्धि अध्यावधिक विवरण

| २०८२ साल श्रावण देखि २०८३ असार मसान्त सम्मको बजेट उप शिर्षक अनुसारको वित्तिय तथा कार्यप्रगतिको विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **चालु खर्च तर्फका कार्यक्रमहरु** | | | | | | | |
| **क्र.सं** | **ब.उ.शि.नं.** | **कार्यक्रमको नाम** | **जम्मा बजेट (हजारमा )** | **खर्च (हजारमा )** | **बाँकी (हजारमा )** | **प्रगति** | **श्रोतको प्रकार** |
| १ | ३७०९११२२३ | परिवार कल्याण कार्यक्रम | १४०५८.००० | १०७७१.६५६ | ३२८६.३४४ | ७६.६२ | संघ सशर्त अनुदान |
| २ | ३७००११०३३ | जनस्वास्थ्य सेवा सवलिकरण तथा विस्तार कार्यक्रम | १७१३४ | १५८४८.२६७ | १२८५.७३३ | ९२.५० | प्रदेश सरकार |
| ३ | ३७०९११२०३ | क्षयरोग नियन्त्रण कार्यक्रम | ५८७.००० | ५४५.६५० | ४१.३५० | ९२.९६ | संघ सशर्त अनुदान |
| ४ | ३७००११०२३ | स्वास्थ्य कार्यालयहरु ( अनिवार्य दायित्व) | १५७७८.५०० | ११०१३.७८० | ४७६४.७२० | ६९.८० | संघ सशर्त अनुदान |
| ५ | ३७०९११३१३ | नर्सिङ्ग तथा सामाजिकसुरक्षा सेवा कार्यक्रम | ३१२६.००० | ३१२५.२१५ | ०.७८५ | ९९.९७ | संघ सशर्त अनुदान |
| ६ | ३७०९११२६३ | माहामारी रोग नियन्त्रण कार्यक्रम | ४३५.००० | २१७.७३५ | २१७.२६५ | ५०.०५ | संघ सशर्त अनुदान |
| ७ | ३७०९११२७३ | स्वास्थ्य व्यवस्थापन कार्यक्रम | १५४०.००० | १३१९.७६० | २२०.२४० | ८५.७० | संघ सशर्त अनुदान |
| ८ | ३७०९११२१३ | उपचारात्मक सेवा कार्यक्रम | १४५०.००० | १४४९.४९५ | ०.५०५ | ९९.९७ | संघ सशर्त अनुदान |
| ९ | ३७०९११२८३ | एड्स तथा यौनरोग नियन्त्रण | १६०.००० | १५९.००० | १.००० | ९९.३८ | संघ सशर्त अनुदान |
| १० | ३७०९११२३३ | राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार कार्यक्रम | ३४०.००० | ३३९.९९३ | ०.००७ | १००.०० | संघ सशर्त अनुदान |
| | | **जम्मा** | **५४६०८.५** | **४४७९१** | **९८१८** | **८२.०२** | |
| **पूँजीगत खर्च तर्फका कार्यक्रमहरु** | | | | | | | |
| १ | ३७००११०२४ | स्वास्थ्य कार्यालयहरु | २०० | १९८.७६७ | १.२३३ | ९९.३८ | प्रदेश सरकार |
| | | **जम्मा** | २०० | १९९ | १ | ९९.३८ | |
| | | **जम्मा चालू तथा पूँजीगत तर्फको एकमुष्ठ** | **५४८०८.५** | **४४९८९** | **९८१९** | **८२.०८** | |

## १२) आ व २०८२/८३ मा संचालित कार्यक्रमहरु

आ.व. मा सम्पन्न गरिएका प्रमुख कार्यरक्रियाकलाप तथा सम्पन्न हुन नसकेका कार्यहरुको कारण सहितको विवरण ।

| **सि.नं.** | **सम्पन्न भएका योजना/ कार्यक्रम** | **सम्पन्न कार्यक्रम** | **सम्पन्न हुन नसकेका कार्यक्रम** | **सम्पन्न हुन नसक्नुका कारण** |
|---|---|---|---|---|
| १ | राष्ट्रिय खोप कार्यक्रम | सम्पन्न | ० | |
| २ | पोषण कार्यक्रम | सम्पन्न | ० | |
| ३ | समुदायमा आधारित गठन नवजात शिशु तथा बालरोग एकिकृत व्यवस्थापन कार्यक्रम | सम्पन्न | ० | |
| ४ | परिवार नियोजन कार्यक्रम | सम्पन्न | ० | |
| ५ | सुरक्षित मातृत्व कार्यक्रम | सम्पन्न | ० | |
| ६ | महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम | सम्पन्न | ० | |
| ७ | एड्स तथा यौनरोग नियन्त्रण | सम्पन्न | | |

| | | | | |
|---|---|---|---|---|
| ८ | किटजन्य रोग नियन्त्रण कार्यक्रम | सम्पन्न | ० | |
| ९ | क्षयरोग नियन्त्रण कार्यक्रम | सम्पन्न | ० | |
| १० | स्वास्थ्य शिक्षा, सुचना तथा संचार कार्यक्रम | सम्पन्न | ० | |
| ११ | औषधी तथा औषधि जन्य सामग्रीहरुको आपूर्ति व्यवस्थापन तथा ढुवानि | सम्पन्न | ० | |
| १२ | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली | सम्पन्न | ० | |
| १३ | स्वास्थ्य शिविर | सम्पन्न | ० | |

**१३) कार्यालयको वेभसाइट**

यस कार्यालयको वेभसाइट dhoilam.gov.np रहेको छ ।

**१४) कार्यालयमा प्राप्त भएको वैदेशिक सहायता ,ऋण,अनुदान एवम् सम्झौता सम्वन्धि विवरण**

Global Alliance for Vaccine and Immunization (GAVI) संग नेपाल सरकारको साझेदारीमा खोप कार्यक्रम सञ्चालनमा रहेको छ।

**१५) कार्यालयले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली** — सेवाको व्यक्तिगत विवरण र संवेदनशिल सूचना बाहेक सवै सूचना खुल्ला रहेको छ।

**१६) कार्यालयका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सो को विवरण**

नियमित रूपमा वार्षिक प्रगति प्रतिवेदन प्रकाशन

- नियमित रुपमा फेसबुक पेजमा,आम संचारमा र वेभसाइटमा सूचनाहरु संप्रेषण हुने गरेको छ।

**यस कार्यालयका गतिविधिहरु "स्वास्थ्य कार्यालय इलाम" नामको फेसवुक पेज र कार्यालयको वेभसाइटमा हेर्न सकिनेछ ।**

https://www.facebook.com/share/१८xLyQ६EpC/?mibextid=wwXIfr

कार्यालयको वेभसाइटः- dhoilam.gov.np

फोन नं: ०२७५२३०३६

**धन्यावाद !**